# विशिष्टीकरण तालिका २०८०
## नेपाली (ऐच्छिक)
## कक्षा १०

पूर्णाङ्क : ७५ — समय : ३ घण्टा

| क्र. स. | परीक्षणीय पक्ष | ज्ञान | बोध | प्रयोग | उच्च दक्षता | प्रश्न सङ्ख्या र अङ्कभार | | | स्पष्टीकरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | प्रश्न सङ्ख्या | उत्तर लेख्नुपर्ने प्रश्न सङ्ख्या | अङ्क भार | |
| १ | शब्दार्थ | १ | | | | १ | १ | ३ | पाठमा प्रयोग भएका कुनै तीनओटा शब्द दिई तिनको अर्थ लेख्न लगाउने |
| २ | वाक्य रचना | | | १ | | १ | १ | ३ | पाठमा प्रयोग भएका कुनै तीनओटा शब्द दिई तिनलाई वाक्यमा प्रयोग गर्न लगाउने (ती शब्दमध्ये पारिभाषिक/प्राविधिक शब्द दुई र अनुकरणात्मक शब्द एक हुनुपर्ने छ ।) |
| ३ | शब्दनिर्माण | | | १ | | १ | १ | ३ | एउटा उपसर्ग लागेर बनेको, एउटा प्रत्यय लागेर बनेको र एउटा समास भएर बनेको शब्द दिएर तिनको निर्माण प्रक्रिया देखाउन लगाउने |
| ४ | उखान र टुक्का | | | २ | | २ | २ | ६ | तीनओटा उखान र तीनओटा टुक्का दिएर तिनको अर्थ लेखी वाक्यमा प्रयोग गर्न लगाउने |
| ५ | निबन्ध लेखन | | | | १ | ३ | १ | ८ | तीनओटा आत्मपरक शीर्षक दिई कुनै एक शीर्षकमा २०० शब्दसम्मको निबन्ध लेख्न लगाउने |
| ६ | कथा वा व्यक्तिगत विवरण र संवाद लेखन | | | | १ | २ | १ | ८ | (क) निर्देशनात्मक बुँदा दिई त्यसका आधारमा कथा लेख्न लगाउने अथवा कुनै व्यक्तिको १२५ शब्दसम्ममा लेखिएको सङ्क्षिप्त जीवनी दिई त्यसबाट व्यक्तिगत विवरण तयार पार्न लगाउने (दुईमध्ये कुनै एक प्रश्न सोध्ने) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | र<br>(ख) कुनै एक शीर्षक दिएर संवाद लेख्न लगाउने<br>(दुईओटा प्रश्न सोधी कुनै एक प्रश्नको उत्तर लेख्न लगाउने |
| ७ | गण र सङ्केतसहित छन्द पहिचान | १ | | | | १ | १ | ४ | पाठ्यपुस्तकमा भएको कुनै कविताको श्लोक दिई गण र सङ्केतसहित छन्द पहिचान गर्न लगाउने |
| ८ | सङ्क्षिप्त उत्तर लेखन | | १ | | | २ | १ | ४ | पाठ्यपुस्तकमा भएका पाठका स्रष्टा मध्येबाट गद्य विधाबाट एक र पद्य विधाबाट एक गरी कुनै दुई स्रष्टाका विधागत प्रवृत्ति र विशेषतासँग सम्बन्धित दुईओटा प्रश्न दिएर एकको उत्तर लेख्न लगाउने |
| ९ | सारांश लेखन | | | | १ | १ | १ | ४ | पाठ्यपुस्तकमा समाविष्ट गद्य विधाका पाठबाट बढीमा १५० शब्दसम्मको गद्यांश दिई सारांश लेख्न लगाउने |
| १० | सप्रसङ्ग व्याख्या | | | | २ | ४ | २ | ८ | पाठ्यपुस्तकमा भएका पाठबाट कुनै चारओटा पङ्क्ति दिई कुनै दुईको सप्रसङ्ग व्याख्या गर्न लगाउने |
| ११ | सङ्क्षिप्त उत्तर लेखन | | २ | | | ३ | २ | ८ | पाठ्यपुस्तकमा भएका पाठमध्येबाट (पात्र चित्रण, परिवेश, शीर्षक सार्थकता, रस, लय विधान मूलभाव, सन्देश आदि) मध्ये तीनओटा प्रश्न दिएर दुईको उत्तर लेख्न लगाउने |
| १२ | विवेचनात्मक उत्तर लेखन | | | | २ | ३ | २ | १६ | पाठ्यपुस्तकमा प्रयुक्त विधाबाट विवेचनात्मक उत्तर आउने तीनओटा प्रश्न सोधेर कुनै दुई प्रश्नको उत्तर लेख्न लगाउने । |
| | **प्रश्न बनाउँदा पाठ नदोहोरिने गरी बनाउनुपर्ने छ ।** | | | | | | | | |

द्रष्टव्य :

(क) ज्ञान : विशिष्ट तथ्य, प्राप्त सूचना, पुनः स्मरण र प्रतिक्रियाको मूल्याङ्कन गर्ने खालका प्रश्न यसअन्तर्गत सोधिने छन् ।

(ख) बोध : विद्यार्थीले सिकाइका क्रममा बोध गरेका कुराको मूल्याङ्कन गर्ने खालका प्रश्न यसअन्तर्गत सोधिने छन् ।

(ग) प्रयोग : यसमा प्रयोग गर्ने, संयोजन गर्ने र व्यावहारिक क्षमतासम्बन्धी प्रश्न सोधिने छन् ।

(घ) उच्च दक्षता : व्याख्या, विश्लेषण, तर्क र समीक्षा जस्ता क्षमतासम्बन्धी प्रश्न यसअन्तर्गत सोधिने छन् ।

## नमुना प्रश्नपत्र - २०८०

**कक्षा : १०**
**विषय : नेपाली (ऐच्छिक)**
**पूर्णाङ्क : ७५** **समय : ३ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिकताका आधारमा दिनुपर्ने छ ।**

**१. तलका सबै प्रश्नको उत्तर दिनुहोस् : ३**

केशपाश, चुनौती, स्वाँग

**२. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् : ३**

गगन, भूपरिवेष्टित, पिटिक्क

**३. तलका शब्दको निर्माण प्रक्रिया (बनोट) देखाउनुहोस् : ३**

पराजय, बोलक्कड, लाम्पुच्छ्रे

**४. तलका उखान र टुक्काको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् : २×३ =६**

(क) उखान : आकाशको फल आँखा तरी मर, आलु खाएर पेडाको धाक, हुने बिरुवाको चिल्लोपात

(ख) टुक्का : मेख मार्नु, नेटो काट्नु, इन्तु न चिन्तु हुनु

**५. तलका मध्ये कुनै एक शीर्षकमा २०० शब्दमा नघटाई आत्मपरक (निजात्मक) शैलीमा निबन्ध लेख्नुहोस् : ८**

(क) ज्येष्ठ नागरिकप्रति मेरो दायित्व (ख) मेरो संस्कृति : मेरो पहिचान (ग) मेरो राष्ट्रियता

**६. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **८**

**(क) दिइएका बुँदाका आधारमा छोटो कथा तयार पारी शीर्षक पनि लेख्नुहोस् :**

कुनै गाउँमा एक जना गरिब मानिस हुनु .......... ऊ एक दिन एक महहात्माकहाँ जानु........ महात्माले उसको इच्छा सोध्नु....... उसले आफू धनी बन्न चाहेको बताउनु.... महात्माले उसलाई कति धन चाहिएको छ भनेर सोध्नु ....... उसले आफूलाई पाँच लाख चाहिएको बताउनु..... महात्माले उसले आफ्नो आँखा दिए आफूले उक्त पैसा दिने कुरा बताउनु....... गरिब मानिसले महात्माको त्यो प्रस्ताव नमान्नु .... महात्माले आँखा नभए अरू कुनै अङ्ग दिए पनि हुन्छ भन्नु...... त्यस व्यक्तिले आफ्नो कुनै पनि अङ्ग पैसासँग नसाट्ने विचार व्यक्त गर्नु ........ महात्माले यस्तो अनमोल जीवन पाएर पनि आफूलाई किन गरिब ठान्छौ भनेर प्रश्न गर्नु......... महात्माका कुराले त्यस व्यक्तिको चेत खुल्नु ........ ऊ परिश्रम गरेर धन आर्जन गर्ने वाचा गर्दै बाटो लाग्नु

**(ख) "वातावरण संरक्षण" शीर्षकमा दुई जनाबिचको संवाद तयार पार्नुहोस् ।**

**७. तलको श्लोक पढी त्यसको गण र सङ्केतसहित छन्द पहिचान गरी लेख्नुहोस् :** **४**

वैली जान्छन् कुसुमहरू यी जेठको घाम ओडी
क्वैली जान्छे कुन विरहमा माइती देश छोडी ।
हाँसी खेली दुइ दिन कहाँ जान्छ यो जिन्दगानी
को लैजाला अमरपुरमा फूलको यो जवानी ॥

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **४**

(क) कथाकार ध्रुवचन्द्र गौतमको परिचय दिई उनका कथागत विशेषता चर्चा गर्नुहोस् ।

(ख) कवि तथा गीतकार कालीप्रसाद रिजालको परिचय दिई उनको काव्य प्रवृत्तिमाथि चर्चा गर्नुहोस् ।

**९. तलको गद्यांश पढी एक ततृीयांशमा सारांश लेख्नुहोस् ।** **४**

हाम्रो संस्कृतिमा बालकलाई अत्यन्त गौरवपूर्ण स्थान दिइएको छ । बालकलाई ईश्वरकै प्रतिनिधि मानेर "बालगोपाल" भनिन्छ । हामी गृहस्थाश्रममा पनि साधनामय जीवनयापन गर्न सकेमा भगवानकै सेवा गरिरहेका हुन्छौँ । आमाबुबाले ती बालगोपालका मनमस्तिष्कमा कुनै गलत प्रवृत्तिले प्रोत्साहन नपाओस्, तिनको बानीमा खराबी पस्न नपाओस् भनेर सधैँ सजग, सधैँ तत्पर रहन अत्यन्त आवश्यक हुन्छ । आमाबुबाको प्रत्येक व्यवहारले बालकको कोमल ग्रहणशील मनमस्तिष्कमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । आमाबुबा कुनै

दुर्व्यसनमा लागेका छन्, गल्ती गर्छन् भने सन्तानले त्यसको अनुकरण अवश्य नै गर्छन् । आमाबुबाको एक बित्ताको गल्तीले बालकको जीवनमा एक गजको गल्ती गर्ने साहस जुटाइसकेको हुन्छ । यसरी आमाबुबा सावधान रहन नसक्दा देशको निमित्त भोलिको सहारा बन्न सक्ने कति अनमोल रत्नहरू यसै ओइलाएर, मूल्यहीन बनेर जान्छन् । त्यसैले हाम्रो संस्कृतिले निर्देशन गरेका ती महान् प्रेरणातर्फ हामीले सदा जागरूक रहनुपर्छ । सन्तान बिग्रिने स्थिति नआओस्, उनीहरूको हृदयमा गलत प्रवृत्तिले प्रश्रय नपाउन् भनेर नै आमाबुबाले असल चरित्रको, असल साधनाको जीवनयापन गर्नुपर्ने हुन्छ ।

**१०. तलका मध्ये कुनै दुई उद्धरणको सप्रसङ्ग व्याख्या गर्नुहोस् :** २×४=८

(क) रातो र चन्द्र सूर्य, जङ्गी निशान हाम्रो
जीउँदो रगतसरी यो, बल्दो यो शान हाम्रो ।

(ख) भगवान्को साँचो व्रत अरूको जीवन निर्माण गर्नमा सहयोगी बनेर नै गर्न सकिन्छ ।

(ग) सत्यलाई असत्यले ढाकेको थियो, जताततै असत्यको बोलवाला थियो ।

(घ) एकनासमै हामी रद्द छौँ, एकनासमै जीवन बित्छ ।

**११. तलका मध्ये कुनै दुई प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :** २×४=८

(क) "लक्ष्यहिन" एकाङ्कीमा माहिली बज्यैको मनस्थितिको चित्रण कसरी गरिएको छ ?

(ख) "मेघ बिजुली विवाह" कविताको मूल भाव के हो ?

(ग) "स्वाद" कथाको शीर्षकको सार्थकता देखाउनुहोस् ।

**१२. तलका मध्ये कुनै दुई प्रश्नको विवेचनात्मक उत्तर दिनुहोस् :** २×८=१६

(क) "आजलाई माया गर" कवितामा कविले समयको महत्त्वलाई कुन रूपमा दर्शाएका छन् ? स्पष्ट पार्नुहोस् ।

(ख) "त्यो फेरी फर्कला ?" कथामा यात्रीको प्रतीक्षामा बसेकी सानीको मानसिक उथलपुथल कसरी प्रस्तुत गरिएको छ ? समीक्षा गर्नुहोस् ।

(ग) "जुँगा" निबन्धमा निबन्धकारले जुँगालाई के केको प्रतीक मानेका छन् ? उल्लेख गर्नुहोस् ।